नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ती

दिगो विकास लक्ष्यमैत्री योजना र बजेट तर्जुमा, अनुगमन मूल्याङ्कन तथा तथ्याङ्क प्रणालीसम्वन्धी ३ (तीन) दिने प्रदेशस्तरीय कार्यशाला गोष्ठी प्रदेश नं. ३ मा मिति २०७५।०८।०१ मा हेटौंडामा शुरु भयो।

उक्त कार्यशाला गोष्ठीको उद्देश्यबारे प्रकाश पार्दै आयोगका सह–सचिव श्री राधाकृष्ण प्रधानले राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ ले आयोगलाई दिएको कार्यादेशमध्ये संविधानमा सरकारका तीन तहको व्यवस्था रहेको र ती तहहरु बीच तहगत समन्वय गर्नुपर्ने कार्यपनि एक भएको र सोही अनुरुप प्रदेश तथा स्थानीय तहमा योजना तथा बजेट तर्जुमासम्बन्धी क्षमता अभिवृद्धि गर्ने क्रममा यस गोष्ठीको आयोजना प्रदेश नं. ३ मा गरिएको बताउनु भयो।

गोष्ठीको उद्घाटन गर्दै प्रदेश नं. ३ का माननीय मुख्यमन्त्री श्री डोरमणि पौडेलले विगतमा योजना बन्ने तर प्रभावकारी कार्यान्वयन नहुने परिपाटी भएकाले विगतका योजनाहरुको समीक्षा गर्दै कार्यान्वयनयोग्य र देशमा भएको राजनैतिक परिवर्तनलाई आत्मसात गर्दै संघीय संरचनाअनुरुप व्यावहारिक योजना तर्जुमा गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो। साथै, उहाँले दिगो विकासका लक्ष्यहरुको स्थिति स्पष्ट हुनुपर्ने, विद्यमान समस्याहरुको पहिचान गरी ती समस्या समाधान हुने गरी आगामी योजनाहरु बन्नु पर्ने र यसको लागि योजना कार्यान्वयनमा संलग्न हुने सबैको मानसिकतामा समयअनुकुल परिवर्तन हुनु पर्ने आवश्यकतामा जोड दिनु भयो।

सोही कार्यक्रमलाई सम्वोधन गर्दै प्रदेश नीति तथा योजना आयोगका सदस्य श्री श्याम बस्नेतले प्रादेशिक योजना तथा नीति परिवर्तित सन्दर्भमा दिगो विकासका नवीनतम सूचकहरु पहिचान गरी कार्यान्वयन गर्नुपर्ने आवश्यकतामा जोड दिनु भयो।

कार्यक्रममा प्रदेश नं. ३ का नि.मुख्य सचिव श्री रमेश प्रसाद सिबाकोटीले केन्द्रले निर्धारण गरेका दिगो विकास लक्ष्यहरुसंग तादाम्यता हुनेगरी प्रदेशका कार्यक्रमहरु तर्जुमा गर्न यो गोष्ठीले धेरै सहयोग पुर्याउने कुरा जानकारी दिनुभयो।

कार्यक्रमको सभापतित्व गर्नुभएका आयोगका माननीय सदस्य डा. रामकुमार फुयाँलले योजना तर्जुमा गर्दा आर्थिक समृद्धि र जनता सुखी हुने उपयुक्त सूचकहरु विकास गरी ती सूचकहरु अनुरुप विकास

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं

कार्यलाई अगाडी बढाउनु पर्ने साथै प्रदेशका विकासका सम्वाहकहरु के के हुन सक्छन् त्यसको उचित खोज र पहिचान गरी तिनीहरुलाई आर्थिक रुपान्तरणका मुख्य सहयोगीका रुपमा लिई देशको आर्थिक एवम् सामाजिक रुपान्तरण गरी दिगो आर्थिक विकासका लक्ष्यहरु हासिल गर्ने कार्यमा एक अर्कासँग समन्वय, सहकार्य एवम् साझा मुद्दामा एकाकार हुँदै अगाडी बढ्नु पर्ने आवश्यकतामाथि जोड दिनु भयो। त्यस्तै उहाँले संघ, प्रदेश र स्थानीय तहका आयोजनाहरुको वर्गीकरण गर्न ठोष मापदण्डहरु बनाई अझै परिष्कृत गरी विवादरहित हुने गरी अगाडी बढ्नु पर्नेमा समेत थप जोड दिनुपर्ने कुरा बताउनु भयो।

उद्घाटन शत्रपछि भएको प्राविधिक शत्रको पहिलो दिनको प्रस्तुतिमा राष्ट्रिय योजना आयोगका परामर्शदाता श्री पुष्पलाल शाक्यले प्रदेशस्तरमा योजना प्रणालीको अवधारणा तथा संघ, प्रदेश र स्थानीय तह सम्बन्धमा बारेमा प्रस्तुतिकरण गर्नुभयो। उक्त शत्रको अध्यक्षता प्रदेश सरकारका आर्थिक मामीला तथा योजना मन्त्री माननीय कैलाश प्रसाद ढुङ्गेलले गर्नु भएको थियो। त्यस्तै अर्को शत्रमा आयोगका कार्यक्रम निर्देशक डा. नारायण राज पौडेलले मध्यमकालीन खर्च संरचनाको अवधारणा तथा योजना तर्जुमा प्रक्रिया सम्बन्धमा प्रस्तुतिकरण गर्नुभयो। यस शत्रको अध्यक्षता प्रदेश मामिला संसदीय समितिका सभापति श्री माधव प्रसाद पौडेलले गर्नुभएको थियो।

कार्यशाला गोष्ठीमा प्रदेश नं. ३ का माननीय सभामुख, माननीय मन्त्रीज्यूहरु, माननीय उपसभामुख, संसदीय समितिका माननीय सभापतिज्यूहरु, प्रदेशका सभासदज्यूहरु, बिषयगत मन्त्रालयका सचिवज्यूहरु लगायत कर्मचारीहरुको सहभागिता रहेको छ।

मितिः २०७५ मङ्सिर २ गते, आइतबार

(शिव रञ्जन पौड्याल)
सहायक प्रवक्ता